# भरतपुर महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
भरतपुर, चितवन
बागमती प्रदेश, नेपाल

प.सं. २०८०/०८१
च.नं. 80/60

मितिः २०८०/१०/११

**विषयः विशेष तथा समपुरक योजनाहरु सम्बन्धमा।**

श्री वडा कार्यालय(१-२९) सबै,
भरतपुर महानगरपालिका ।

प्रस्तुत विषयमा सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयको च.न.१२२ मिति २०८०/१०/०५ को प्राप्त पत्रानुसार स्थानीय तहमा संघीय समपूरक तथा संघीय विशेष अनुदान अन्तर्गत सञ्चालन गरिने आयोजना/कार्यक्रमका लागि प्रस्ताव आहान गरिएको तपसिल मापदण्ड अनुसारका योजनाहरु छनौट गरि ५ दिन भित्र योजना तथा बजेट शाखामा पठाईदिनुहुन आदेशानुसार अनुरोध छ ।

तपसिल

१. संघीय समपुरक/विशेष अनुदान प्रस्ताव पेश गर्दा योजनाको आवश्यकता र औचित्य पुष्टि हुने गरी उत्पादन, उत्पादकत्व अभिवृद्धि तथा दिगो रोजगारी सृजना हुने उद्देश्यका आयोजना एवम् भू-कम्प तथा अन्य विपद्‌बाट भएको क्षतिलाई समेत सम्बोधन गर्ने गरी मात्र आयोजना/कार्यक्रम पेश गर्नुपर्ने छ ।

२. आयोजनाको आर्थिक, सामाजिक, वातावरणीय, लौङ्गिक समानता र सामाजिक समावेशीकरणका पक्षहरुको विश्लेषण, आयोजनाको दिगोपनाको सुनिश्चितता हुने आधार सहित कूल लागत अनुमान खुल्ने विस्तृत परियोजना डि.पि.आर- विशेष अनुदानको हकमा ५० लाख देखि १५ करोड सम्म लागत अनुमान भएको र समपुरक अनुदानको हकमा ५ करोड देखि २५ करोड सम्म लागत अनुमान भएको आयोजना पेश गर्नु पर्ने छ ।

३. आयोजना पेश गर्दा प्रचलित कानुन बमोजिम आयोजना /कार्यक्रमको प्रारम्भिक वातावरणीय परीक्षण वा वातावरणीय प्रभाव मूल्याङ्कन प्रतिवेदन (IEE/EIA) पेश गर्नुपर्ने छ ।

२०८०/१०/११

.............................
(राजन सापकोटा)
शाखा अधिकृत

056-520167, 521467, 530062, 526951, 522252, 525771 Fax: 056-520014
E-mail: bmc@ntc.net.np / Website: bharatpurmun.gov.np
(मन्त्रि परिषद्‌बाटमहानगरपालिकाघोषणामितिफाल्गुन २७, २०७३)

CS CamScanner

## समपूरक अनुदान

१. समपूरक अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछः

| क्र.सं. | मूलभूत क्षेत्रहरु | कार्यविधि बमोजिमका क्षेत्रहरु |
|---|---|---|
| १. | कृषि तथा पशुपालन पूर्वाधार | कृषि उपजको भण्डारण गृह तथा शीतगृह, कृषि, पशुपालन सम्बन्धी |
| २. | खानेपानी पूर्वाधार | खानेपानी सम्बन्धी आयोजना/कार्यक्रम |
| ३. | आवास तथा बस्ती पूर्वाधार | ग्रामीण क्षेत्रमा एकीकृत बस्ती विकास, नमूना आवास, जोखिमयुक्त बस्ती स्थानान्तरण |
| ४. | वन, वातावरण, जलाधार, सिंचाई तथा नदि नियन्त्रण पूर्वाधार | सिंचाई, नदि नियन्त्रण तथा तटबन्धन, वन, वातावरण, जलवायु परिवर्तन न्यूनीकरण, प्रदुषण नियन्त्रण |
| ५. | फोहोरमैला व्यवस्थापन पूर्वाधार | फोहोरमैला प्रशोधन एवम् व्यवस्थापन, ल्याण्डफिल साईट, इन्सिनरेसन |
| ६. | शैक्षिक पूर्वाधार | प्रदेश विश्वविद्यालय, विद्यालय भवन निर्माण |
| ७. | पर्यटन पूर्वाधार | पर्यटन, पदमार्ग, पार्क निर्माण, ट्रेलमार्ग |
| ८. | सडक तथा पुल पूर्वाधार | मझौला तथा ठूला पुल, सडक, कृषि सडक, जलमार्ग, लोकमार्ग |
| ९. | उर्जा पूर्वाधार | सौर्य, वायु, जैविक, वैकल्पिक उर्जा, प्रशारण लाईन, विद्युत उत्पादन |
| १०. | स्वास्थ्य पूर्वाधार | स्वास्थ्य चौकी, अस्पताल |
| ११. | वडा कार्यालय पूर्वाधार | स्थानीय तहको कार्यालय र वडा कार्यालय |
| १२. | पुन: निर्माण पूर्वाधार | विपद् पूर्वतयारी, पुन: स्थापना, पुन: निर्माण, नव: निर्माण, क्षतिग्रस्त सार्वजनिक पूर्वाधार निर्माण |
| १३. | अन्य पूर्वाधार | नेपाल सरकारको नीति तथा कार्यक्रम र बजेटमा संघ, प्रदेश र स्थानीय तहबीच सहकार्य र संयुक्त लगानीमा कार्यान्वयन गर्ने गरी तोकिएका आयोजना/कार्यक्रम |



CamScanner

# विशेष अनुदान

१. विशेष अनुदानका लागि निम्न क्षेत्रका आयोजना/कार्यक्रममा रकम माग गर्न सकिनेछ:

| क्र.सं. | मूलभूत क्षेत्रहरु | कार्यविधि बमोजिमका क्षेत्रहरु |
|---|---|---|
| १. | शैक्षिक विकास | न्यून साक्षरता भएका क्षेत्रको शैक्षिक विकास |
| २. | आधारभूत स्वास्थ्य | बाल मृत्युदर, मातृ मृत्युदर भएका क्षेत्रहरुमा प्रदान गरिने आधारभूत स्वास्थ्य सेवा |
| ३. | खानेपानी आपूर्ति | दुर्गम तथा आर्थिक रुपले पिछडिएको क्षेत्रलाई लक्षित खानेपानी आपूर्ति सम्बन्धी आयोजना/कार्यक्रम |
| ४. | सामाजिक न्याय तथा समावेशीकरण | अल्पसंख्यक, सीमान्तकृत वर्ग एवम् दुर्गम तथा पिछडिएको क्षेत्र वा आर्थिक, सामाजिक वा अन्य कुनै प्रकारले विभेदमा परेका वर्ग वा समुदायको उत्थान वा विकास |
| ५. | तहगत सन्तुलन | प्रदेश वा स्थानीय तहबीच भौतिक तथा मानवीय विकासको दृष्टिले सन्तुलन कायम गर्न संचालन हुने आयोजना/कार्यक्रम |
| ६. | खाद्य सुरक्षा | खाद्यान्नको उत्पादनमा न्यूनता भएका क्षेत्रमा खाद्य सुरक्षा सुनिश्चितता गर्ने आयोजना/कार्यक्रम |
| ७. | फोहोरमैला व्यवस्थापन | आधुनिक प्रविधिको प्रयोग गरी फोहोरमैला व्यवस्थापन |
| ८. | विपद् जोखिम न्यूनीकरण | विपद् जोखिम न्यूनीकरण, विपद् प्रभावित क्षेत्रमा पुनर्स्थापना, पुनर्निर्माण वा नवनिर्माण |
| ९. | अन्य | राष्ट्रिय योजना आयोगले तोकेका अन्य प्राथमिकताका क्षेत्रहरु |

CamScanner